# एम्नेस्टी इन्टरनेसनल प्रतिवेदन २०११

*(ए.आई. को वार्षिक प्रतिवेदन २०११ को पेज नं. २३९ देखि २४१ मा समाविष्ट नेपालखण्डको अनौपचारिक नेपाली अनुवाद)*

## नेपाल

### संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल

| | |
|---|---|
| **राष्ट्रप्रमुख :** | **रामवरण यादव** |
| **सरकारप्रमुख :** | **माधवकुमार नेपाल** (२०६७ असारदेखि कामचलाउ) |
| **मृत्युदण्ड :** | **सबै अपराधहरूका लागि उन्मूलन** |
| **जनसंख्या :** | **२ करोड ९९ लाख** |
| **औसत आयु :** | **६७.५ वर्ष** |
| **५ वर्षमुनिका बालबालिकाको मृत्युदर (पु/म):** | **५२/५५ प्रति १,०००** |
| **वयस्क साक्षरता :** | **५७.९ प्रतिशत** |

**दण्डहीनताको अन्त्य, विगतमा भएका मानवअधिकार उल्लंघनका घटनामा जवाफदेहिता वा मानवअधिकारप्रतिको सम्मान सुनिश्चित गर्ने कार्यमा नेपालले थोरै मात्र प्रगति गर्‍यो । जवाफदेहिता सम्बन्धी संयन्त्रलाई अधिकारीहरुले सक्रियताकासाथ अवरोध गरे र शान्ति प्रक्रियाको एउटा हिस्साका रुपमा राजनीतिक नेताहरुद्वारा व्यक्त गरिएका प्रतिवद्धताहरु व्यवहारमा लागू हुन सकेनन् । प्रहरी हिरासतमा यातना र अन्य दुर्व्यवहार व्यापक रुपमा भए । जातीय, धार्मिक र लैंगिक भेदभावहरु धेरैजसो चुनौतिरहित ढंगले अघि बढीरहे । महिला र बालिका विरुद्धको हिंसा पनि विद्यमान रह्यो ।**

## पृष्ठभूमि

वि.सं. २०६३ (सन् २००६) को विस्तृत शान्ति सम्झौताले नेपालको राजनीतिक द्वन्द्वको प्रमुख मुद्दाका रुपमा मानवअधिकारको विषयलाई सम्बोधन गर्ने गरी नयाँ संविधान बनाउन संविधानसभालाई जिम्मा दिइएको थियो । तथापि संविधानको मस्यौदा पूरा तयार नगर्दै संविधानसभाको म्याद जेठ १४ गते समाप्त भयो । कैयौंपटक मतदान गरेर पनि नेपालले प्रधानमन्त्री छान्न असफल भयो, मुलुक प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वको काम चलाउ सरकारबाट चलाइयो । सार्वजनिक सुरक्षा ऐन अन्तर्गत प्रहरीले शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका तिब्बती प्रदर्शनकारीहरु लगायतका नागरिकहरुलाई कुनै पनि औपचारिक प्रक्रिया पूरै नगरी हिरासतमा लिने काम गर्‍यो ।

## संक्रमणकालीन न्याय

शान्ति सम्झौताको एउटा शर्तको रुपमा रहेको तर लामो समय बिलम्ब गरिएको सत्य तथा मेलमिलाप आयोगको गठन सम्बन्धी मस्यौदा विधेयक २०६७ चैतमा संसदमा टेबुल गरिएको भएपनि यसलाई संसदले पारित गर्ने काम हुन सकेन । सो मस्यौदामा उल्लेखनीय कमीकमजोरीहरु रहेका छन्, जस्तो प्रस्तावित आयोग राजनीतिक प्रभावबाट

स्वतन्त्र हुनु नसक्ने र मानवअधिकार उल्लंघनका गंभीर अपराधीलाई पनि आयोगले आममाफीसम्मको सिफारिस गर्न सक्ने आदि ।

### जबर्जस्ती बेपत्ता

जबर्जस्ती बेपत्ताका घटनालाई अपराध मान्ने र बेपत्ता सम्बन्धी घटनाको अनुसन्धानका अलग्गै आयोग बनाउने व्यवस्था गरिएको मस्यौदा विधेयकलाई पारित गर्ने गरी अघि बढाइएन । अहिलेको मस्यौदामा यसअघिको मस्यौदामा भएका कतिपय कमीकमजोरीहरुलाई सम्बोधन गरिएको छ । संशोधनमा निश्चित प्रकारका जबर्जस्ती बेपत्ता सम्बन्धी घटनालाई मानवताविरोधी अपराधको कोटिमा उल्लेख गरेको छ र सजाय सम्बन्धी व्यवस्थामा अपराधको हिसाबले समानुपातिक रुपमा नै व्यवस्था गरेको छ । तथापि, बेपत्ताहरुका परिवार यो मस्यौदाप्रति असन्तुष्ट रहनुभएको छ र यो विधेयक पर्याप्त छलफल बिना नै तयार पारिएको दावी गरिरहनुभएको छ ।

- ❖ नेपालको सशस्त्रद्वन्दकाक्रममा माओवादीद्वारा अपहरणछि हत्या गरिएका शिक्षक अर्जुनबहादुर लामाको मुद्दामा काम गरिरहेका कानुन व्यवसायी र मानवअधिकार रक्षकलाई जुलाई महिनामा माओवादीबाट धम्की दिने काम गरियो, जतिबेला सो घटनामा संलग्न भएको आशंका गरिएकाहरुलाई अमेरिकी दूतावासले भीसा दिन अस्वीकार गरेको थियो ।
- ❖ २०६७ भदौ (सेप्टेम्बर) मा नेपालको राष्ट्रिय मानवअधिकार आयोगको नेतृत्वमा अन्तर्राष्ट्रिय फरेन्सिक विज्ञ तथा संयुक्त राष्ट्रसंघको पर्यवेक्षकहरु समेत रहेको टोलीले २०६० असोजमा सुरक्षफौजद्वारा जनकपुरमा अपहरण गरिएका मध्येकै हो भनी विश्वास गरिएको ४ जनाको मानव कंकाल उत्खनन गर्‍यो । कंकालको पहिचान गर्ने कार्य अघि बढेन । उत्खनन गरिएतापनि सो घटनाको अनुसन्धानको कार्यमा थोरैमात्रै प्रगति भएको छ र कसैलाई पनि गिरफ्तार गरिएन ।

### दण्डहीनता

द्वन्द्वकालामा मानवअधिकार उल्लंघन गर्नेहरुमाथिको दण्डहीनता अझै कायमै रह्यो । अधिकारीहरु मानवअधिकार उल्लंघनमा संलग्न सैनिक अधिकारीलाई गिरफ्तार गर्न अदालतले दिएको आदेश पूरा गर्न असफल भए र प्रहरीले पनि यस्ता कतिपय घटनाहरुमा उजुरी दर्ता गर्न वा अनुसन्धान गर्न अस्वीकार गरे ।

- ❖ विसं २०६० सालमा १५ वर्षिया किशोरी मैना सुनुवारको यातना पछि हत्या गरिएको घटनामा संलग्न भनी आरोप लागेका मेजर निरञ्जन बस्नेतलाई अदालतको आदेशका बाबजुद नेपाली सेनाले हस्तान्तरण गर्न अस्वीकार गर्‍यो । निरञ्जन बस्नेतलाई २०६६ मंसिरमा संयुक्त राष्ट्रसंघको मिसनबाट फिर्ता गरिएको थियो । उनी फर्कनासाथै सेनाले उनलाई प्रहरी समक्ष हस्तान्तरण गर्न विफल रह्यो र रक्षा मन्त्रालयलाई पठाइएको एउटा पत्रमा उक्त मुद्दा फिर्ता लिन अनुरोध गरियो । २०६७ असार अन्त्यमा नेपाली सेनाले आन्तरिक रुपमा गरिएको अनुसन्धानमा निरञ्जन बस्नेतलाई उक्त घटनामा 'निर्दोष' रहेको बतायो ।

### आवश्यक भन्दा बढी बल प्रयोग

सेना र प्रहरीद्वारा आवश्यक भन्दा बढी बल प्रयोग र सशस्त्र समूहमा संलग्न रहेको आशंकामा नक्कली मुठभेडमा हत्या गर्ने काम भएका समाचार प्राप्त भए ।

- ❖ २०६७ जेठ ३० गते जनकपुरका २० वर्षिय अवधेशकुमार मण्डलको प्रहरीको गोली प्रहारबाट मृत्यु भयो । उनलाई तराई केन्द्रीत सशस्त्र समूह जनतान्त्रिक तराई मुक्ति मोर्चा (जेटीएमएम) को सदस्य भएको आरोप लगाइएको थियो ।

### यातना र अन्य दुर्व्यवहार

हिरासतमा लिइएकाहरु उपर प्रहरीद्वारा गरिने यातना र अन्य दुर्व्यवहारले निरन्तरता पायो । एकातिर यातनाबाट सुरक्षा प्रदान गर्न बनेको राष्ट्रिय कानुनहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको छैन र त्यही कानुनको पनि पूर्ण रुपमा कार्यान्वयन हुन सकेन ।

- ❖ २०६७ जेठ ११ (२५ मे) का दिन ४६ वर्षिय दलित समुदायका सानु सुनार चोरीको आरोपमा गिरफ्तार गरिएपछि कालिमाटी प्रहरी चौकीको थुनामा रहँदा भएको चोटपटकका कारण मृत्यु भयो । राष्ट्रिय मानवअसिधकार आयोगले सानु सुनुवारको मृत्यु प्रहरीको यातनाबाट भएको ठहर गर्‍यो र यस घटनामा कानुनी कारवाहीहरु अघि बढाउनुपर्ने सुझाव दियो । २०६७ असार १० (२४ जुन) मा काठमाडौं जिल्ला अदालतले सानु सुनार माथि दुर्व्यवहार गर्ने आरोपित ३ जना प्रहरीलाई थुनामा राख्न आदेश दिएको भएपनि अनुसन्धानमा ज्यादै न्युन मात्रै प्रगति भयो ।

## सशस्त्र समूहद्वारा ज्यादती

खासगरी तराई केन्द्रीत १ सय भन्दा बढी सशस्त्र समूहले अपहरण, आक्रमण, र हत्या लगायतका मानवअधिकार ज्यादतीको कार्यलाई निरन्तरता दिए । कतिपय समूहहरुले चिनिने खालका राजनीतिक वा धार्मिक विचार ग्रहण गरेको पाइयो भने अन्य कयौँले आपराधिक समूहका रुपमा कार्यहरु गरे ।

- ❖ जनतान्त्रिक तराई मुक्ति मोर्चा राजनमुक्तीका सदस्यले महोत्तरीका जिल्ला शिक्षा कार्यालयका कर्मचारी लाल किशोर झालाई २०६७ कात्तिक ११ (२८ अक्टुबर) का दिन आफ्नो घरबाट बाहिर निस्कनासाथै जानकीनगरमा गोली हानी हत्या गरे । उनलाई पछाडिबाट दुई पटक गोली हानिएको थियो । उनलाई गुठीको जग्गा (धार्मिक कार्यकालागि छुट्याइएको जग्गा) बेचेको र जिल्ला शिक्षा कार्यालयमा आर्थिक अनियमितता गरेको भन्ने आरोप लगाइएको थियो ।

## भेदभाव

कानुनले समान अधिकार सुनिश्चित गर्दा गर्दै पनि दलित, जनजाती नागरिकहरु, अपाङ्गता भएका व्यक्तिहरु तथा धार्मिक र यौन अल्पसंख्यक नागरिकहरुले सामाजिक बाहेकीकरण बेहोर्नु पर्‍यो । लैंगिक असमानता रोक्नकोलागि भएका कानुनी प्रयत्नले महिला विरुद्ध सार्वजनिक र निजी जीवनमा हिंसा कम गर्नको लागि थोरै मात्र काम गर्‍यो । महिलाहरु, खासगरी दलित महिला, ले न्यायको पहुँच, सम्पति र सम्पतिको स्वामित्व, उत्तराधिकारी बन्ने अधिकार, रोजगारी र रोजगारीको अवस्था र राजनीतिक प्रतिनिधित्वमा बाधा व्यहोर्नु पर्‍यो ।

जातीय विभेदको सम्बन्धमा अदालतको काममा भने केही प्रगति भएको छ । अगष्ट महिनामा पुनरावेदन अदालत कञ्चनपुरले जिल्ला अदालतले दिएका दुईवटा फैसलालाई निरन्तरता दिएको छ । ती फैसलाहरु क्रमशः जनवरी र मार्च महिनामा क्रमैसँग भएका थिए । ती घटनामा दुई जनाले मानिसहरुले जातीय भेदभावबाट प्रेरित भई दलितहरुमाथि आक्रमण गरेका थिए ।

## महिला र बालिका विरुद्धको हिंसा

'सन् २०१० मा महिला र बालिका विरुद्धको हिंसा अन्त्य गर्ने' भन्ने नेपालको प्रयत्नबाट स्पष्ट देखिने किसिमको थोरै मात्र प्रभाव पर्‍यो । वर्षको पहिलो ६ महिनामा काठमाडौं उपत्यकामा मात्रै घरेलु हिंसाका ३०० भन्दा बढी घटना प्रहरीमा दर्ता गरिए । अरु थुप्रै घटनाहरु जानकारीमै आएनन् । महिलाहरुलाई बोक्सी (खासगरी गरीब, अपहेलित र दलितलाई) को आरोप लगाई समुदायका मानिसहरुले यातना दिए । कानुनी कमजोरी र अपर्याप्त नीतिका कारण घरेलु र यौनजन्य हिंसाका घटनामा अभियोजनको कार्यमा अवरोध उत्पन्न भए ।

- ❖ सन् २०१० को सुरुमा सिराहा जिल्लाको एउटा गाउँका पुरुषहरुले एउटा बलात्कारको घटनामा महिला पुनर्स्थापना केन्द्रद्वारा अदालत लग्न लागिएका सो घटनाका प्रत्यक्षदर्शीलाई अवरोध गरे, उता आरोपी दोषी देखिएनन् ।

भर्खरैका उमेरका नेपाली महिलाले विदेशमा आर्थिक अवसरको खोजी गरे । कमजोर कानुन, विद्यमान कानुनको कमजोर कार्यान्वयन र भ्रष्टाचारका कारणले कामकोलागि बाहिर जान चाहनेलाई झन शोषण गरायो ।

समाप्त